सूर्योदय नगरपालिका
Suryodaya Municipality
नगर कार्यपालिकाको कार्यालय
Office Of The Municipal Executive

प.स. ०७७/०७८/आ.प्र
च.नं. १८८२

मिति:-२०७७/१०/१६

विषयः-खाद्यान्न चामल लिलाम बढाबढको लागि दोस्रो पटक शिलबन्दी बोलपत्र पेश गर्ने बारेको अत्यन्त जरुरी सूचना टाँस गरी टाँस भएको जानकारी पठाइदिनु हुन।

श्री जिल्ला प्रशासन कार्यालय इलाम।
श्री जिल्ला समन्वय समितिको कार्यालय, इलाम।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय इलाम।
श्री मालपोत कार्यालय ,इलाम।
श्री नापी कार्यालय, इलाम।
श्री कृषि ज्ञान केन्द्र, इलाम।
श्री सीमा प्रशासन कार्यालय पशुपतिनगर, इलाम।
श्री पशुपतिनगर भन्सार कार्यालय पशुपतिनगर, इलाम।
श्री अलैंची विकास केन्द्र, पान्दाम फिक्कल इलाम।
श्री खाद्यान्न व्यवस्थापन तथा व्यापार कम्पनी लिमिटेड मुख्य शाखा कार्यालय विर्तामोड, झापा।
श्री सूर्योदय उद्योग वाणिज्य संघ फिक्कल, इलाम।
श्री इलाम उद्योग वाणिज्य संघ, इलाम।

उपर्युक्त सम्बन्धमा, यस कार्यालयवाट मिति २०७७/१०/१६ मा प्रकाशित खाद्यान्न चामल लिलाम बढाबढको लागि शिलबन्दी बोलपत्र पेश गर्ने बारेको अत्यन्त जरुरी सूचना (पेज १ को) थान १ यसैमा संलग्न राखी पठाइएको व्यहोरा अनुरोध गरिन्छ। उक्त सूचना ताहाँ कार्यलय/कम्पनी/संघको सूचना पाटीमा टाँस गरी सो को जानकारी यस कार्यालयमा पठाइ सहयोग गरिदिनु हुन सादर अनुरोध गरिन्छ। साथै माथि उल्लेख भए बमोजिम यसैमा संलग्न पेज १ को संक्षिप्त सूचना (संक्षिप्त रुपमा छोटो बनाइ मितव्ययी तवरले) मिति २०७७/१०/१६ गते नै दोस्रो पटक प्रकाशित मिति २०७७/१०/१६ उल्लेख गरी आज मिति २०७७/१०/१६ मा नै नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको र माथि उल्लिखित सूचना मिति २०७७/१०/१६मा नै यस कार्यालयको वेभसाइटमा समेत राखिएको व्यहोरा समेत जानकारीको लागि अनुरोध गरिन्छ।

२०७७/१०/१६

(प्रकाशराज पौंडेल)
प्रमुख प्रशासकीय अधिकृत

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वोधार्थः-
श्री सू.न.पा. नगर कार्यपालिकाको कार्यालय (आर्थिक प्रशासन शाखा) फिक्कल इलाम।
श्री सू.न.पा. नगर कार्यपालिकाको कार्यालय(आ.ले.प. शाखा)फिक्कल, इलाम।
श्री सू.न.पा. नगर कार्यपालिकाको कार्यालय सूचना प्रविधि शाखा फिक्कल इलामः-यो पत्र र श्री सूचना प्रविधि अधिकृत श्री उज्ज्वल सुवेदीज्यू, सू.न.पा. नगर कार्यपालिकाको कार्यालय सूचना प्रविधि शाखा फिक्कल इलामः-यो पत्र र पत्रमा संलग्न सूचना (पेज १ को) आजनै तुः सूर्योदय नगरपालिकाको वेभसाइटमा राखिदिनु हुन र आजै इमेल गरी माथी उल्लिखित कार्यालय/कम्पनी र संघमा पठाइदिनु हुन।
श्री जिन्सी प्रशासन शाखा प्रमुख (स्टोर किपर) श्री निराज तामाङ्गज्यू सू.न.पा. नगर कार्यपालिकाको कार्यालय जिन्सी प्रशासन शाखा फिक्कल, इलामः-माथि उल्लेख भए बमोजिम यसैमा संलग्न सूचना अनुसार खाद्यान्न चामल लिलाम बढाबढको लागि प्रविधिक शाखाका इन्जिनियर श्री दिपेश आचार्य र आ.ले.प. अधिकृत श्री प्रदिप चापागाईज्यू संग समन्वयन गरी शिलबन्दी बोलपत्र फारम तयार गरी प्रमुख प्रशासकीय अधिकृत वा प्रशासकीय अधिकृतवाट प्रमाणित गरी तयार गरी विक्री गर्ने व्यवस्था गर्नु हुन।

२०७७/१०/१६

प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

"सूर्योदय नगरपालिकाको समृद्धताको मूल आधार आर्थिक समानता ,प्राङ्गारिक कृषि :"
सम्पर्क ०२७-५४०४७३,५४०२१४
इमेल :suryodayamun@gmail.com, info@suryodayamun.gov.np | वेवसाइट :www.suryodayamun.gov.np

Scanned with CamScanner

सूर्योदय नगरपालिका
Suryodaya Municipality
नगर कार्यपालिकाको कार्यालय
Office Of The Municipal Executive

मिति:-२०७७/१०/१६

प.स. ०७७/०७८/आ.प्र
च.नं. १८८२

विषय:- खाद्यान्न चामल लिलाम वढावढको लागि शिलवन्दी वोलपत्र पेश गर्ने वारेको अत्यन्त जरुरी सूचना।
(दोस्रो पटक प्रकाशित मिति २०७७/१०/१६)

विश्वभर फैलिएको कोरोना भाइरस (Covid-19) को सम्भावित जोखिमको प्रधावकारी रोकथाम र नियन्त्रण गर्ने सन्दर्भमा नेपाल सरकारवाट मिति २०७६/१२/१० देखि भएको वन्दावन्दी (Lock Down) वाट सूर्योदय नगरपालिका क्षेत्रमा प्रभावित असहाय श्रमिकहरुलाई र विपन्न वर्गका दैनिक ज्याला मजदुरी गरी जीवन गुजारा गर्ने अति विपन्न वर्गका व्यक्तिहरुलाई खाद्यान्न राहत चामल वितरण गर्न खरिद भएको र विभिन्न दातावाट प्राप्त भएको खाद्यान्न चाममल मध्ये लकडाउनवाट प्रभावित असहाय श्रमिक वर्गहरुलाई र विपन्न वर्गका व्यक्तिहरुलाई सू.न.पा. वाट स्वीकृत मापदण्ड वमोजिम वितरण गरी बाँकी जिन्सी मौज्दातमा स्टक रहेको तपशिल वमोजिमको परिमाणको १६६ वोरा (प्रति वोरा ५० के.जी. को सोना मन्सूली चामल शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाम वढावढ गरी लिलाम विक्री गनुपर्ने भएकोले र लिलाम वढावढको लागि मूल्याङ्कन समितिवाट र नगरपालिकाको वोर्ड बैठकवाट कायम भएको न्यूनतम वढावढ मूल्य प्रति के.जी. रु.४७/- वाट वढावढ गरी देहायका शर्तहरुको अधिनमा रही तपशिलमा उल्लिखित परिमाणको खाद्यान्न चामल लिलाम विक्रीको माध्यमवाट सकार गरी लैजाने प्रयोजनको लागि लिलाम वढावढको लागि यो सूचना कार्यालयमा प्रकाशित भएको मितिले ७ दिन भित्र (२०७७/१०/२२ गते भित्र) कार्यालय समयमा रितपूर्वक नियमानुसारका, आवश्यक कागतजातहरु पेश गरी लिलाम वरावरको शिलवन्दी वोलपत्र पेश गर्नु हुन इच्छुक व्यक्ति, फर्म कम्पनी वा सप्लायर्स सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपशिल:-

| लिलाम हुने सामानको विवरण | न्यूनतम लिलाम मूल्य | लिलाम वढावढको लागि शिलवन्दी वोलपत्र खरिद गर्नुपर्ने अवधी | लिलाम वढावढको लागि शिलवन्दी वोलपत्र पेश गर्नु पर्ने अन्तिम दिन | लिलाम वढावढको लागि शिलवन्दी वोलपत्र खोल्ने दिन |
|---|---|---|---|---|
| सोना मन्सूली चामल १६६ वोरा (प्रति वोरा ५० के.जी. भएको) /८,३०० के.जी | प्रति के.जी. . रु.४७/- (रु. सत्चालीस) | २०७७/१०/२२ गते कार्यालय समय भित्र। | २०७७/१०/२३ गते विहान १२:०० वजे भित्र। | २०७७/१०/२३ गते दिनको ठीक २:०० वजे। |

शर्तहरु:-

१. रु. १०००/- शुल्क बुझाई नगरपालिकाको कार्यालयवाट शिलवन्दी वोलपत्र फारम खरिद गर्नु पर्नेछ।
२. लिलाम वढावढको लागि मूल्याङ्कन भएको प्रति के.जी. न्यूनतम मूल्य रु. ४७/- भन्दा कम नहुने गरी शिलवन्दी वोलपत्रको माध्यमवाट लिलाल सकार गर्ने गरी न्यूनतम मूल्य प्रति के.जी. .रु. ४७/- वाट वढावढ हुने गरी मात्र लिलाम वरावरको वोलपत्र पेश गर्नु पर्नेछ।
३. लिलाम वढावढ हुने कुल १६६ वोरा (प्रति वोरा ५० के.जी. को/८,३०० के.जी. .)को हिसावले लिलाम वढावढमा सहभागी हुने इच्छुक व्यक्ति फर्म कम्पनी वा सप्लायर्सले कुल कवोल अंकको १०% ले हुने धरौटी रकम यस कार्यालयको रा.वा.बैंक फिक्कल शाखामा रहेको धरौटी खाता नं . २१००१००३०३००००२ मा अग्रीम रुपमा जम्मा गरेको भौचर संलग्न राखी लिलाम वढावढको शिलवन्दी वोलपत्र साथ पेश गर्नु पर्नेछ।
४. लिलाम वढावढको लागि शिलवन्दी वोलपत्र पेश गर्ने व्यक्ति भएमा नेपाली नागरिकताको प्रमाण पत्र र फर्म, कम्पनी, सप्लायर्स भएमा नियमानुसारको फर्म दर्ता भएको, नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि नियमानुसार कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपि, VAT वा PAN मा दर्ता भएको प्रतिलिपि संलग्न राख्नु पर्नेछ।
५. खाद्यान्न चामल लिलाम वढावढको माध्यमवाट लिलाम सकार गर्न चाहने इच्छुक व्यक्ति, फर्म, कम्पनी वा सप्लायर्स ले ७ दिन भित्र आँफैले कवोल गरेको कवोल अंक वुझाइ खाद्यान्न आफैले ढुवानी गरी चामल उठाइ लैजानु पर्नेछ।यदिश्उक्त समय भित्र उठाई नलगेमा धरौटी जफत गरी नियमानुसार लिलामी कार्यवाही अगाडि वढाइनेछ।
६. म्याद नाघी आएको र रितपूर्वक पेश नभएको लिलाम वढावढ सम्वन्धी शिलवन्धी वोलपत्र उपर कुनै कार्यवाही गरिने छैन।
७. यस सूचनामा उल्लेख भएका विषयहरुमा केही कुरा वुझ्नुपरेमा कार्यालय समय भित्र सम्पर्क गरी वुझ्न सकिनेछ।
८. लिलाम वढावढ सम्वन्धमा पेश भएका वोलपत्रहरु स्वीकृत गर्ने?नगर्ने?आशिक रुपमा स्वीकृत गर्ने?र स्वीकृत नगर्ने? कुनै पनि शर्तमा फेरवदल गर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षीत रहनेछ।
९. यस सूचनामा उल्लेख भएका विषयहरुमा केही कुरा वुझ्नुपरेमा कार्यालय समय भित्र सम्पर्क गरी वुझ्न सकिनेछ।

सूर्योदय नगरपालिका नगर कार्यपालिकाको कार्यालय



प्रकाशराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner